# खेल सामग्री  खरिद अनुदान तथा वितरण कार्यविधि-२०७९

प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश
हेटौडा,मकवानपुर

सदस्य सचिव

# खेल सामग्री  खरिद अनुदान तथा वितरण कार्यविधि-२०७९

**प्रस्तावना:-**

यस परिषदको स्विकृत वार्षिक कार्यक्रम अर्न्तगत खर्च शिर्षक नम्वर २६४२३ क्रियाकलाप नम्वर २.७.१४.३३ मा खेल सामाग्री खरिद अर्न्तगत विनियोजित वजेट कार्यान्वयनको लागि प्रदेश अर्न्तगतका जिल्ला खेलकुद विकास समितिबाट खेलकुदका प्रतियोगिता तथा प्रशिक्षणहरु संचालनको लागि आवश्यक खेलकुद सामग्री खरिद तथा वितरण गर्दा अनुदान रकमका व्यवस्थित कार्यान्वयन गर्न प्रदेश खेलकुद विकास ऐन तथा नियमावली २०७५ बमोजिम प्रदेश खेलकुद विकास परिषद,बागमती प्रदेशले खेलकुद सामग्री खरिद तथा वितरण कार्यविधि-२०७९ जारी गरिएको छ ।

## *परिच्छेद-१*
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:-**

(१) यो कार्यविधिको नाम खेलकुद सामाग्री अनुदान कार्यविधि - २०७९ रहको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२.१ मन्त्रालय :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) मन्त्रालय भन्नाले युवा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेशलाई सम्झनु पर्नेछ ।

(ख) परिषद् भन्नाले प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशलाई सम्झनु पर्नेछ ।

(ग) प्रदेश भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्नेछ ।

सदस्य सचिव    प्रदेश सचिव    मन्त्री

(घ) समिति भन्नाले प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेश अर्न्तगतका १३ जिल्लाका खेलकुद विकास समितिलाई सम्झनु पर्नेछ ।

(ङ) क्लब,संघ-संस्था भन्नाले जिल्ला अर्न्तगत खेलकुद क्रियाकलाप गर्ने संस्थालाई सम्झनु पर्नेछ ।

(च) प्रतियोगिता भन्नाले प्रदेश खेलकुद विकास ऐन तथा नियमावलीमा प्राथिमकता भित्र परेका खेलहरुका प्रतियोगिता, सरकारी तथा गैरसरकारी संस्था तथा क्लब, विद्यालय, विश्व विद्यालय लगायत अन्य सबै किसिमका प्रतियोगिताहरुलाई बुझ्नुपर्नेछ ।

(छ)प्रशिक्षण भन्नाले प्रतियोगितालाई लक्ष्य बनाएर खेलाडीलाई तालिम दिने कार्य बुझ्नुपर्नेछ ।

(ज) खेल सामाग्री भन्नाले तालिम तथा प्रतियोगितामा प्रयोग गरिने सम्पूर्ण सामग्री तथा खेल पोशाक समेत लाई सम्झनुपर्नेछ ।

३. छनौट तथा शिफारिस समिति :- यस परिषदबाट प्रदान गरिने खेलकुद सामाग्री खरिद अनुदान रकम यकिन ,शिफारिस तथा छनौटको लागि देहायवमोजिमको छनौट समिति रहने छ :-

क) कार्यालय प्रमुख परिषद - संयोजक

क) शाखा प्रमुख तालिम तथा प्रतियोगिता सञ्चालन शाखा परिषद - सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख परिषद - सदस्य

घ) युवा तथा खेलकुद मन्त्रालयबाट युवा तथा खेलकुद शाखा हेर्ने अधिकृतस्तरको प्रतिनिधि - सदस्य

ङ ) प्रतिनिधि प्रदेश लेखा नियन्त्रकको कार्यालय - सदस्य

च) प्रशासन तथा खेलकुद विकास शाखा परिषद - सदस्य सचिव

- समितिको वैठक संयोजकको निर्देशनमा आवश्यकता अनुसार सदस्य सचिवले बोलाउने छ
- समितिको वैठकको अध्यक्षता संयोजकले गर्ने छ
- समितिको वैठकमा सम्वन्धित क्षेत्रमा विज्ञताको आधारमा तिन जनामा नबढ्ने गरि आमन्त्रित गर्न सक्नेछ
- समितिका पदाधिकारीले नियमानुसार बैठक भत्ता पाउने छन

सदस्य सचिव

## परिच्छेद-२
## उद्देश्य

**कार्यविधिका उद्देश्यहरु देहायबमोजिम रहेका छन :-**

(क) खेलकुद कार्यक्रमका लागि प्रदान गरिने अनुदान तथा सहयोगलाई पारदर्शी, मितव्ययी तथा व्यवस्थित बनाउनु

(क) जिल्ला तथा स्थानीय तहमा आवश्यक खेल सामग्री प्रतियोगिता तथा प्रशिक्षणका लागि उपलब्ध गराउने ।

(ख) स्थानीय तह,क्लब संघ-संस्था,शैक्षिक संस्था (विद्यालय,क्याम्पस) लाई खेलाडी उत्पादनको केन्द्र बनाउने ।

(ग) खेलकुदको विकासमा योगदान पुऱ्याउने संस्था-संस्थाहरुलाई सहयोग गरि जनस्तरमा खेल संस्कृतिको विकास गर्ने ।

## परिच्छेद-३
## खेल सामग्रीखरिद

**खेल सामग्री खरिद सम्बन्धी व्यवस्था :-**

क) खेकुदका सामग्रीको आवश्यकता यकिन गरि आवश्यकता तथा औचित्यका आधारमा खरिद गर्ने ।

ख) खेल सामाग्री खरिद प्रकिया सार्वजनिक खरिद ऐन तथा नियमावलीका साथै अन्य प्रचलित कानुन बमोजिम गर्ने ।

ग) ,खरिद गरिएका खेल सामाग्रीहरुको आम्दानी खातामा जनाई अनिवार्य स्टोर दाखिला गर्ने ।

घ) कार्यालाय प्रमुखबाट माग फारम अनिवार्य स्विकृत गरि खेल सामाग्री वितरण गर्न सकिने ।

घ) खेल सामाग्री खरिद गर्ने कार्यालाय/ संघसस्थाहरुले खेल सामग्रीहरुको आम्दानी तथा निकासा(खर्च) खाता कायम गरि खेल सामाग्रीको अनिवार्य हिसाव राख्ने ।

सदस्य सचिव

प्रदेश सचिव

## परिच्छेद-४

## अनुदान रकम कार्यान्वयन तथा खर्च सम्वन्धि व्यवस्था

क) खेलकुद सामाग्री खरिदको लागि प्रत्येक जिल्लाबाट खेल सङ्ख्या खेलाडी सङ्ख्या जिल्लाको जनसङ्ख्या भौगोलिक अवस्थिति खेल नतिजा लगाएतका विषयहरु यकिन गरि छनौट समितिको सिफारिश वमोजिमको रकम अनुदानको रुपमा उपलब्ध गराईने छ ।

ख) परिषदबाट उपलब्ध गराईएको रकम जिल्ला स्थित कार्यालय तथा संघसस्थाबाट प्रचलित आर्थिक ऐन तथा नियमावली वमोजिम खर्च गर्नु पर्नेछ ।

ग) परिषदबाट उपलब्ध अनुदान रकमको प्रचलित कानुन वमोजिम लेखा राख्ने आन्तरिक तथा अन्तिम लेखा परिक्षण गराई चालु आ.ब समाप्तिको नब्बे दिन भित्र अन्तिम लेखा परिक्षण प्रतिवेदन परिषदमा पेश गर्नु पर्ने छ ।

## परिच्छेद-५

## खेल सामग्री वितरण

**खेल सामग्री वितरण सम्बन्धी व्यवस्था :-**

(क) खेल सामग्री वितरण प्रक्रियालाई पारदर्शी, मितव्ययी तथा व्यवस्थित बनाउने ।

(ख) खेल संस्था,क्लब,खेलाडी उत्पादन हुने शैक्षिक क्षेत्र,खेलाडीलाई छनौटका मुख्य आधार बनाउने ।

ग) स्वीकृत माग फारमका आधारमा सामग्री वितरण गर्ने ।

(घ)क्लब, संघ-संस्था, खेलाडीलाई खेल सामग्री वितरण गर्दा समितिले तोकिएको न्युनतम सर्तका मापदण्डहरु निर्माण गरि खेल सामाग्री वितरणको औचित्य पुष्टि गर्नेगरि वितरण गर्ने ।

(ङ) खेल सामग्री वितरण गर्दा क्लब तथा संस्थाको दर्ता-नविकरणको बैधानिकताको यकिन गर्ने ।

च) अनुदान प्राप्त जिल्ला समितिहरुले चालु आ ब समाप्ति संगै जिन्सी निरिक्षण गराई जिन्सी प्रतिवेदन तयार गर्नुपर्ने ।

सदस्य सचिव

ध्रुव गैंडा
प्रदेश सचिव

(छ) परिषद्बाट खेल सामग्री वितरण गर्दा सम्वन्धित कार्यालय/संघसस्थाबाट आधिकारिक माग श्रृजना भएको पुष्टि हुने प्रस्तावना माग गरि आवश्यक प्रमाणको आधारमा सदस्य-सचिवको तोक आदेश तथा जिल्लाको हकमा प्रस्ताव अनुशार अध्यक्ष वा कार्यालय प्रमुखको तोक आदेशमा गर्न सकिने ।

ज) व्यक्तिगत प्रतिस्पर्धा तर्फ खेलाडीको हकमा पहिचान खुल्ने परिचय पत्रको आधारमा माग फारम भराई औचित्यको आधारमा सामाग्री वितरण गर्न सकिने ।

(झ) सामग्री खर्च सम्बन्धी प्रतिवेदन तयार गर्ने ।

## परिच्छेद-६
## प्रचलित कानुन वमोजिम हुने

क) यस कार्यविधिमा उल्लेखित विषय यस कार्यविधि वमोजिम हुने र अन्य विषय नेपाल सरकार तथा प्रदेश सरकारबाट स्विकृत प्रचलित कानुन वमोजिम हुने ।

## परिच्छेद-७
## अनुगमन तथा मुल्याङकन

क) अनुदान रकमको उद्देश्य अनुरुप परिषदबाट नियमित तथा आकस्मिक अनुगमन हुन सक्ने छ अनुगमनका क्रममा अनुदान रकमको दुरुपयोग हिनामिना मस्यौट भएको पाईएमा प्रचलित कानुन वमोजिम अशुल उपर गरि जिम्मेवार कर्मचारी/पदाधिकारीलाई कानुनी कारवाहीको दायरामा ल्याईने छ ।

सदस्य सचिव

ध्रुव गेंडा
प्रदेश सचिव

मन्त्री